मार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लटिनाथ, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

O/C

पत्र संख्या : ०७८/०७९
चलानी नं. - १४६८

मितिः२०७८/१२/१६

श्री १-६ नं.वडा कार्यालय हरु
मार्मा गा.पा. लाटिनाथ
दार्चुला।

बिषयः जानकारी सम्बन्धमा।

उपरोक्त बिषय सम्बन्धमा श्री जिल्ला प्रशासन कार्यालय खलंगा दार्चुला को प.स. २०७८/०७९ च.नं. १६३९ मिति २०७८/१२/१५ गतेको प्राप्त पत्रानुसार तहाँ वडा कार्यालयले नागरिता प्रमाण पत्रको सिफारिस गर्दा अनुसुची फारामहरु भरेर निवेदकको फोटो समेतप्रमाणित गरि पठाउनुपर्ने र प्रमाणित गरेको फोटो अनुसारकै थप २ वटा फोटोहरु सिफारिस गरेर मात्र पठाउनुपर्ने भएकाले संलग्न पत्र अनुसार जानकारीको लागि अनुरोध गरिन्छ।

............

राम कुमार राना
नि. प्रमुख प्रशासकीय अधिकृत

राम कुमार राना
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎०९३-४२०१३३
☎०९३-४२००१७
☎०९३-४२०२१४
🖷०९३-४२००१४
email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np

खलंगा, दार्चुला

प.स. २०७८।०७९
च.न. १४४०

मिती: २०७८।१२।१५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

दर्ता नम्बर : 2026
दर्ता मिति : 2078।12।15
मार्मा गाउँपालिका कार्यालय

श्री नगरपालिका/गाउँपालिकाहरु सबै,
दार्चुला ।

विषय: नागरिकताको सिफारिसमा प्रयोगहुने फोटोहरुका सम्बन्धमा ।

प्रस्तुत विषयमा यस जिल्ला भित्रका नगरपालिका तथा गाउँपालिकाहरु अन्तर्गतका वडा कार्यालयहरुबाट नागरिकता प्रमाणपत्रको लागि सिफारिस गर्दा अनुसूची फारामहरु भरेर निवेदकको फोटो समेत वडाकार्यालयबाट प्रमाणीत गरेर पठाउनुपर्ने र उक्त प्रमाणीत फोटोअनुसार कै फोटोहरु नेपाली नागरिकताको प्रमाणपत्र र कार्यालयको श्रेस्तामा प्रयोग गर्नुपर्ने कानूनी प्रवधान रहेको छ। तत् सम्बन्धमा यस कार्यालयमा नागरिकताको प्रमाणपत्र बनाउन आउने धेरैजसो सेवाग्राहिहरुले अनुसूचिमा वडा अध्यक्षबाट प्रमाणीत गरिएको भन्दा भिन्नै फोटोहरु पेश गर्ने गरेका छन्, वडामा सिफारिस बनाउदा सेवाग्राहिका साथमा एउटा मात्रै फोटो हुने भएकाले त्यस्तो समस्या आउने गरेको भन्ने विषय सेवाग्राहीहरुबाट बुझिन आएकाले यस उप्रान्त नेपाली नागरिकताको प्रमाणपत्रका लागि वडा कार्यालयहरुबाट सिफारिश गर्दा अनिवार्य रुपमा अनुसूचि फाराममा प्रयोग भए अनुसारकै थप दुईवटा फोटोहरु सिफारिश साथमा राखेर मात्रै अनुसूचि प्रमाणीत तथा सिफारिश गरि पठाइदिने व्यवस्था हुन तहाँ पालिका अन्तर्गतका वडा कार्यालयहरुमा सुचना सम्प्रेषण गरिदिन हुन अनुरोध छ ।

श्री प्रशासन शाखा
सबै वडामा पत्राचार गर्नुहोला

2078।12।15
हेमन्ती साउँद
सहायक प्रमुख जिल्ला अधिकारी
स. प्रमुख जिल्ला अधिकारी